आज मिति २०८१/०४/३२ गतेका दिन तमानखोला गाउँपालिकाका अध्यक्ष श्री जोकलाल बुढाज्यूको अध्यक्षतामा गाउँ कार्यपालिकाको पहिलो बैठक तपशिल बमोजिमको उपस्थितिमा बसी तपशिल बमोजिमका निर्णयहरु गरियो ।

उपस्थिति :-

| | | |
|---|---|---|
| श्री जोकलाल बुढा | अध्यक्ष तमानखोला गाउँपालिका | अध्यक्ष |
| श्री हिरा कुमारी छन्त्याल | उपाध्यक्ष तमानखोला गाउँपालिका | सदस्य |
| श्री थम बहादुर रोका | अध्यक्ष तमानखोला गाउँपालिका वडा नं. १ | सदस्य |
| श्री नारायण सुनार | अध्यक्ष तमानखोला गाउँपालिका वडा नं. २ | सदस्य |
| श्री झक बहादुर बुढा | अध्यक्ष तमानखोला गाउँपालिका वडा नं. ३ | सदस्य |
| श्री छ प्रसाद श्रीपाली | अध्यक्ष तमानखोला गाउँपालिका वडा नं. ४ | सदस्य |
| श्री हिरा बहादुर वि.क. | अध्यक्ष तमानखोला गाउँपालिका वडा नं. ५ | सदस्य |
| श्री चित्र बहादुर छन्त्याल | अध्यक्ष तमानखोला गाउँपालिका वडा नं. ६ | सदस्य |
| श्री देवसरा वि.क. | कार्यपालिका सदस्य | सदस्य |
| श्री मन कुमारी बुढाथोकी | कार्यपालिका सदस्य | सदस्य |
| श्री भिम कुमारी छन्त्याल | कार्यपालिका सदस्य | सदस्य |
| श्री मिना कुमारी कामी | कार्यपालिका सदस्य | सदस्य |
| श्री हिक्मत जक्तपुरी | कार्यपालिका सदस्य | सदस्य |
| श्री ढालेन्द्र छन्त्याल | कार्यपालिका सदस्य | सदस्य |
| श्री ईश्वरलाल शाक्य | प्रमुख प्रशासकीय अधिकृत | सदस्य सचिव |

अन्य उपस्थिति :-

| | |
|---|---|
| श्री मुना विश्वकर्मा | प्रशासन सहायक पाँचौ |

CS CamScanner

**आज मिति २०८१/०४/३२ गतेका दिन कार्यपालिका बैठकमा पेश भएका प्रस्तावहरु :-**

**प्रस्ताव नं.१ :**
अधिल्लो बैठकका निर्णय कार्यान्वयनको समिक्षा सम्बन्धमा ।
**प्रस्ताव नं.२ :**
करार कर्मचारीको म्याद थप तथा सेवा सुविधा सम्बन्धमा ।
**प्रस्ताव नं.३ :**
तीज कार्यक्रम २०८१ सम्बन्धमा ।
**प्रस्ताव नं.४ :**
तमानखोला गाउँपालिकाको शिक्षा योजना निर्माण सम्बन्धमा ।
**प्रस्ताव नं.५ :**
तमानखोला गाउँपालिका भित्र कार्यरत शिक्षक तथा स्वास्थ्यकर्मीहरुको स्वेच्छिक काज सरुवा सम्बन्धमा ।

CamScanner

**निर्णय नं. १ :**
प्रस्ताव नं. १ माथि छलफल गर्दा यस अगाडिको कार्यपालिका बैठकमा भएका निर्णयहरुको कार्यान्वयन सम्बन्धमा समिक्षा साथै प्रभावकारी कार्यान्वयन गर्नमा सबैले जोड दिने र यस बिचको समयमा गुर्जाघाट र नर्जामा स्वास्थ्य क्याम्प सञ्चालन भएकोमा उक्त कार्यमा सहभागी सम्पूर्ण टोलीहरुलाई कार्यपालिकाको तर्फदेखि धन्यवाद प्रदान गर्ने निर्णय गरियो ।

**निर्णय नं. २ :**
प्रस्ताव नं. २ माथि छलफल गर्दा यस तमानखोला गाउँकार्यपालिकाको कार्यालयमा कार्यरत तपसिल बमोजिमका करार कर्मचारीहरुको आ.व.२०८१/०८२ मा भाद्र १ गतेबाट लागु हुने गरी करार म्याद थप नगर्ने साथै अन्य करारमा कार्यरत कर्मचारीहरुको नियमानुसार साउन १ गतेबाट लागु हुने गरी करार म्याद थप गर्ने र स्वास्थ्य सेवा तर्फ कार्यरत सम्पूर्ण करार कर्मचारीको सेवा सुविधा सम्बन्धमा गत आ.व. मा खाइपाइ आएको तलबभत्तामा स्रोत अनुसार आवश्यक संशोधन गरी करार म्याद थप गर्ने निर्णय गरियो ।

तपसिल :-

१) लाल बहादुर रावत ( सब - इन्जिनियर )
२) धमेन्द्र प्रसाद शाह ( सब - इन्जिनियर )
३) अनिल घर्ती मगर ( फिल्ड सहायक )

**निर्णय नं ३ :**
प्रस्ताव नं. ३ माथि छलफल गर्दा यस तमानखोला गाउँपालिकाले सदाको वर्षहरुमा जस्तै यस वर्ष पनि महिला दिदीबहीनीहरुसँग जोडिएर तीज विशेष कार्यक्रम गर्ने र उक्त कार्यक्रम गर्नका लागि भाद्र १० गतेसम्म कार्यक्रमको प्रस्तावना माग गरी सोही बमोजिम हुने गरी कार्यक्रम सञ्चालन गर्ने निर्णय गरियो ।

**निर्णय नं ४ :**
प्रस्ताव नं. ४ माथि छलफल गर्दा यस तमानखोला गाउँपालिकाको शिक्षा योजना निर्माण गर्नका लागि नियमानुसार प्रक्रिया अगाडी बढाउने निर्णय गरियो ।

**निर्णय नं. ५ :**
प्रस्ताव नं. ५ माथि छलफल गर्दा तमानखोला गाउँपालिका भित्र कार्यरत शिक्षक तथा स्वास्थ्यकर्मीहरुको स्वेच्छिक काज सरुवा गर्नका लागि शिक्षा शाखा र स्वास्थ्य शाखाबाट सूचना प्रकाशन गरी तत्काल कार्य प्रक्रिया अगाडी बढाउने निर्णय गरियो ।

CamScanner